# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## २८ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको सन्देश

**"सबै तहका सरकार, सबै नागरीकको तयारी : भूकम्प उत्थानशील नेपाल, अबको जिम्मेवारी"** भन्ने मूल नाराको साथ सप्ताहव्यापी रूपमा मनाउन लागिएको २८ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस, २०८२ को अवसरमा वागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाइहरुमा भुकम्पीय सचेतना अभिवृद्धि मार्फत सम्भावित भूकम्पीय क्षति न्यूनीकरणमा सफलता हुन सकोस् भन्ने कामना गर्दछु ।

वि. सं. १९९० साल माघ २ गतेको विनाशकारी महाभूकम्पको स्मृतिमा सरकारले वि.सं.२०५५ देखि आजको दिनलाई भुकम्प सुरक्षा दिवसको रुपमा मनाउँदै आएको छ। भूकम्प प्राकृतिक विपत्ति हो। यसलाई रोक्न सकिँदैन तर सुरक्षित संरचना, सावधानी, तयारी र प्रतिकार्यहरु अपनाएर सम्भावित क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । वि. सं. २०७२ सालको विनाशकारी महाभूकम्पको एक दशक पार भएको छ । यसबीचमा थुप्रै भुकम्पका कम्पनहरुले हामीलाई त्रासमा पारेका छन्। विडम्बनाको कुरा हामी परेपछि समाधान गरौंला भनेर निश्चिन्त हुँदै गर्दा पूर्व सावधानी र प्रतिकार्यमा विलम्ब गरेर कतै अकल्पनीय विनाशलाई त पर्खिरहेका छैनौ ? हामी सबै यस विषयमा गम्भीर हुनुपर्दछ र जोखिम न्यूनीकरणको पूर्व तयारीमा लाग्नुपर्दछ। आजको दिनले सबै तहका सरकार र सम्पूर्ण नागरीक समाज भूकम्पीय सुरक्षाका सवालमा गम्भीर चनाखो र तम्तयार हुन जागरुक गराउने विश्वास लिएको छु। विगतमा भए गरेका गल्तीहरुबाट पाठ सिकेनौं भने हामी भविष्यमा अकल्पनीय धनजनको क्षतिको भागेदार हुनुपर्ने देखिन्छ। तसर्थ राज्यका निकाय र आम जनसमुदायले भुकम्पबाट सुरक्षित रहने हरेक उपायहरु अवलम्बन गर्नुपर्दछ। आजको दिनले हामीलाई थप सचेत र जिम्मेवार बनाइ सुरक्षित जीवनको आधार तयार गर्ने मार्गमा अघि बढ्ने प्रेरणा दिनेछ भन्ने पूर्ण कामना गर्दछु।

**२०८२ साल माघ ०२ गते, शुक्रवार**
**ने.सं. ११४६ प्वहेलागा: त्रयोदशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**